# जुनीचाँदे गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## मजकोट, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल ।

पत्र संख्या :२०७७।०७८ 

च.नं. २३४/सा.प्र.

मितिः २०७७।११।०२

<u>बिषयः</u> आगामी आ.व. ०७८/०७९ का लागि बेरोजगार व्यक्तिहरुको निवेदन संकलन सम्बन्धमा।

श्री वडा अध्यक्ष ज्यू,

........ नं. वडा कार्यालय, ........................जुनीचाँदे गाउँपालिका, जाजरकोट ।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको मिति २०७७/१०/२५ चलानी नं. २५८ को प्राप्त पत्रानुसार रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम आर्थिक वर्ष २०७८।०७९ मा न्यूनतम रोजगारीमा आबद्ध हुन चाहने र सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुको निवेदन संकलन गरी मिति २०७७।११।२९ भित्र यस कार्यालयमा पेश गर्नु, गराउनु हुन अनुरोध छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट वा नगरपालिकाको रोजगार सेवा केन्द्रबाट निःशुल्क उपलब्ध गराइने व्यहोरा जानकारी गराइन्छ ।

निवेदन संकलनका साथै गर्नुपर्ने कार्यहरु

१ निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटा १/१ प्रति ।

२ अनुसूची १ फारम ( फारम भर्दा फारमले मागेका कुराहरु जस्तैः परिवारका सम्पूर्ण सदस्यको नाम, नाता, जन्ममिति, नागरिकता नम्बर, जारी मिति, जारी जिल्ला, शैक्षिक योग्यता, सिप, दक्षता, रोजगारीको अवस्था, स्वदेश तथा विदेशमा स्वरोजगार भएको/ नभएको, कुल बार्षिक पारिवारीक आय, सामाजिक सुरक्षा भत्ता, पेन्सन सुविधा पाए/ नपाएको, जग्गा जमिन, सम्पर्क फोन नं. आदि विवरण अनिवार्य भरेको हुनुपर्ने ।

३ स्थायी बसोवास खुल्ने आवश्यक कागजातको फोटोकपी (नागरिकताको प्रमाण पत्र अन्यत्रबाट जारी भएको भए बसाई सराईको प्रमाण पत्रको प्रतिलिपी, नागरिकता प्रमाण पत्र अन्य जिल्लाबाट लिएको विवाहित महिलाको सन्दर्भमा विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपी) ।

४ यदी निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई बैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपसिल बमोजिमको विवरण निवेदनको बुँदा नं १५ भन्दा तलको खाली ठाउँमा अनिवार्य रुपमा भर्नुहुन अनुरोध छ ।देश............ पासपोर्ट नं............. विदेशमा गरेको कामसंग सम्बन्धित सीप............. आदि ।

५ यस कार्यक्रम अन्तर्गत संचालन हुने न्यूनतम रोजगारीले अल्पसंख्यक, गरीव, विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षा र संरक्षण दिने उद्देश्य लिएकोले सो वर्गलाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।



फोन नं. :........................ फ्याक्स ......................

ईमेल : junichaanderuralmun@gmail.com, वेभसाइट : Http//www.junichaandemun.gov.np


Scanned with CamScanner

# जुनीचाँदे गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## मजकोट, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल ।

६ लक्षित वर्ग केन्द्रित कार्यक्रम संचालन गर्न सहज हुने गरी आवश्यक सबै विवरणको रेकर्ड तयार हुने गरी फारम भर्न लगाउनु पर्नेछ ।

७ न्यूनतम रोजगारी बाहेक रोजगार सेवा केन्द्रबाट प्रदान हुने अन्य रोजगारमुलक सेवा सुविधा सबै नागरिकहरुले प्राप्त गर्न सक्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

८ गरिवी निवारण, रोजगारी व्यवस्थापन तथा सबै नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्न गत आ. व. ०७६/०७७ र चालु आ. व. ०७७/०७८ मा फारम भरेका बेरोजगार व्यक्तिहरुले पनि अनिवार्य फारम भर्नु पर्नेछ ।साथै तल उल्लेखित फारम अनुसार वडा कार्यालयमा रेकर्ड तयार गरी सोहि अनुसार वास्तविक वेरोजगारलाई मात्र छनौट गरी वडा समितिको निर्णय र सिफारिस सहित यस कार्यालयमा पेश गर्नुपर्नेछ।

९ वडा कार्यालयमा रेकर्ड तयारीको नमुना

| क्र. स. | दर्ता नं | बेरोजगार व्यक्तिको नाम/थर | बेरोजगार व्यक्तिको जन्म मिति | नागरिकता नं | नागरिकता जारी जिल्ला | वार्षिक पारिवारिक आय | सिपको प्रकार | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

दिपक कुमार शाही
प्रमुख प्रशासकिय अधिकत

दिपक कुमार शाही
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ
श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम, सिंहदरवार काठमाडौं ।
श्री सूचना प्रविधि शाखा, जुनीचादे गाउँपालिका:- सूचना website तथा सामाजिक सञ्जालमा प्रकाशन गरिदिनुहुन ।

*नोटः फारमले मागेको सबै विवरण अनिवार्य भर्नु पर्नेछ अन्यथा फारम स्वीकृती नहुने व्यहोरा समेत जानकारी गराइन्छ*



Scanned with CamScanner